त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

नवप्रभात संयुक्त क्याम्पस

पञ्चेश्वर ०३, बैतडी

स्थापित:-२०६९/०९/२९

१३ औं क्याम्पस साधारण सभामा प्रस्तुत

बार्षिक प्रगति प्रतिवेदन:-२०८१

प्रकाशन मिति:-२०८१-०६-१६

Scanned with OKEN Scanner

प्रतिवेदन तयार गर्ने

१- मोती सिंह मंगोला	क्याम्पस प्रमुख
२- चन्द्र मोहन कलौनी	शिक्षण सहायक प्राध्यापक
३- नरी दत्त भट्ट	लेखापाल
४- केशब राम लोहार	कम्प्युटर प्राविधिक
५- जगत सिंह जोशी	स.प्र.

क्याम्पस प्रमुख

Scanned with OKEN Scanner

संचालक समितिबाट प्रतिवेदन पारित

मिति : २०८१/०६/०४

संचालक समितिका पदाधिकारिहरु :

१.	गोरख बहादुर चन्द	(अध्यक्ष)
२.	विना भट्ट	(सदस्य)
३.	मिन ब. चन्द	(सदस्य)
४.	शिवराम विर्ता	(सदस्य)
५.	भवान सिहं साउद	(सदस्य)
६.	सुरेश सिंह धौंनी	(सदस्य)
७.	रति दत्त तिवारी	(सदस्य)
८.	रेखा घटाल	(सदस्य)
९.	मोहन दत्त भट्ट	(सदस्य)
१०.	मोती सिंह मंगोला	(सदस्य सचिव)

Scanned with OKEN Scanner

विषय सूची

क्र.सं. विवरण

१. पृष्ठभूमी

२. शैक्षिक प्रगति विवरण

- भर्ना ३ वर्षको उतीर्ण दर
- कार्यक्रम र शैक्षिक निति

३. भौतिक प्रगति विवरण

- पूर्वाधार विकास
- शैक्षिक सामग्री

४. आर्थिक प्रगति विवरण

आय विवरण

- ३ वर्षको विवरण
- विद्यार्थी शुल्क
- व्यय विवरण

:- भौतिक निर्माण, उपकरण,पुस्तक आदि

५.लेखापरीक्षण - अवस्था, चुनौती र प्रयास

- विश्लेषण (३ वर्षको)

६.सामाजिक प्रगति विवरण

- क्याम्पसको सहभागीता, समुदायको सहभागीता,
- क्याम्पसको योजना, समुदायको योजना

७.चुनौतीहरु

- समाधानका उपायहरु

८.आर्थिक वर्षको आय व्यय विवरण

९. वार्पिक कार्ययोजना

क्याम्पस प्रमुख

Scanned with OKEN Scanner

क्याम्पससको १३ औं वार्षिकोत्सव एवं साधारण सभामा प्रस्तुत प्रतिवेदन

पृष्ठभूमि :

आदरणीय अध्यक्ष ज्यू, क्याम्पस सञ्चालक समितिका पदाधिकारी ज्यूहरू, सदस्य ज्यूहरू, उपप्राध्यापक शिक्षक साथिहरू, अभिभावक ज्यूहरू, विद्यार्थी भाइवहिनीहरू तथा अन्य उपस्थित महानुभावहरू सर्वप्रथम हाम्रो निमन्त्रणालाई स्वीकार गरेर क्याम्पसको वार्षिकोत्सव तथा साधारण सभामा पाल्नुभएकोमा म मेरो व्यक्तिगत तर्फबाट र नवप्रभात संयुक्त क्याम्पस परिवारको तर्फबाट यहाँहरूलाई हार्दिक स्वागत गर्नु का साथै धन्यवाद दिन चाहन्छु ।

उपस्थित महानुभावहरू पञ्चेश्वर गाउपालिकाको केन्द्रविन्दु कुलाउमा अवस्थित यस नवप्रभात संयुक्त क्याम्पसले १२ वर्ष पूरा गरी १३ औं वर्षमा प्रवेश गरेको छ । यहाँ सम्म आइपुग्दा यो क्याम्पसलाई आर्थिक, भौतिक, वैचारिक, नैतिक रुपले सहयोग गर्नुहुने विभिन्न व्यक्ति, संघ संस्था, राजनीतिक पार्टी, पञ्चेश्वर गाउपालिकाका सम्पूर्ण वडाहरू जिल्ला शिक्षा विकास तथा समन्वय इकाई बैतडी, विश्व विद्यालय अनुदान आयोग, प्रदेश सरकार लगायत अन्य चन्दादाता, बुद्धिजीविहरूप्रति आभार प्रकट गर्न चाहन्छु र धन्यवाद दिन चाहन्छु । यस पावन अवसरमा यस क्याम्पसको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ । आफ्नै घर तथा आँगनमा पढ्न पाएर स्नातक सम्मको शिक्षा आर्जन गर्ने मौका पाएका छन् । खुशीको कुरा हो तर अर्को तर्फ जुन जोश र जाँगरका साथ हामीले क्याम्पस खोल्ने प्रयास गरेका थियौं, क्याम्पसको उद्घाटन गरेका थियौं र यसमा प्रतिवद्धता जनाएका थियौं । अहिले आएर त्यो सुस्ताउन पुगेको छ । यसको गति धिमी नै रहेको छ । विद्यार्थी सङ्ख्या देखि लिएर आर्थिक पक्ष केही कमजोर रहेको देखिन्छ ।

शुरुमा यस क्याम्पसलाई जग्गाको निकै ठूलो अभाव रहेकोमा अहिले यस क्याम्पस सँग आफ्नै जमीनमा चारओटा भवनहरू पनि निर्माण भइसकेका छन् । साथै यसको लागि विश्व विद्यालय अनुदान आयोगलाई विशेष श्रेय दिन चाहान्छु । विभिन्न संघ संस्थाको सहयोगमा शुद्ध खानेपानीको सहजै आपूर्ति भएको छ । तर पनि क्याम्पसका आफ्नै केही समस्याहरूको समाधान हुन बाँकि देखिन्छ ।

यसका वावजुद पनि हामीले सकारात्मक सोच राखेर यस क्षेत्रका भावी सन्ततीहरूको भविष्यलाई ध्यानमा राखेर शिक्षारुपी यस दियोलाई धिमि गतिमा भएपनि निरन्तरता दिनुको विकल्प छैन । क्याम्पसको यस संकटको घडीमा सञ्चालक समितिका पदाधिकारीज्यूहरू, सदस्य ज्यूहरू, शिक्षक साथिहरू, विद्यार्थी भाईवहिनीहरू, अभिभावकज्यूहरू, राजनीतिक पार्टिका प्रतिनिधि ज्यूहरू सवैलाई आ-आफ्नो स्थानबाट सकारात्मक सहयोगि भूमिका खेल्नका लागि सादर अनुरोध गर्दै यस क्याम्पसको शैक्षिक, भौतिक, सामाजिक र आर्थिक अवस्थाका साथै सवल र दुर्वल पक्ष तथा भावी चुनौतीहरूलाई समेत उल्लेख गरी यो वार्षिक प्रतिवेदन यहाँहरू समक्ष प्रस्तुत गर्न चाहन्छु । यो क्याम्पसको उन्नती र प्रगतीमा यहाँहरूको सकारात्मक सहयोग र रचनात्मक सुझावको अपेक्षा समेत गर्न चाहन्छु ।

गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले नाफारहित सामुदायिक क्याम्पसको रुपमा यस नवप्रभात क्याम्पसको स्थापना २०६९ मा भएको हो । क्याम्पसको सम्पूर्ण शैक्षिक प्रशासनिक तथा आर्थिक कार्यहरु क्याम्पसको विधान र यसले उल्लेख गरेका नियम तथा तथ्यहरुको आधिनमा रही संचालन दुवै आएका छन् । तसर्थ विधानले उल्लेख गरे बमोजिम निति तथा नियमहरु पालना गर्दै वैज्ञानिक तरिकाले वर्तमान युग सुहाउँदो गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको छ ।

प्रमुख

Scanned with OKEN Scanner

यद्यपि नवप्रभात संयुक्त क्याम्पसको आफ्नो लामो इतिहास नभएपनि शैक्षिक यात्रामा बैतडी जिल्लाको एउटा अग्रणी शैक्षिक संस्थाको रुपमा आफ्नो स्थान कायम गरेको क्याम्पसले समय सुहाउदो तरिकाले लक्षित वर्गलाई सेवा प्रदान गर्दै आइरहेको छ। प्रयोगात्मक पद्धतीलाई जोड दिदै विद्यार्थीहरुको उपलब्धिलाई पृष्टपोषण प्रदान गर्दै आइएको छ।

वर्तमान सन्दर्भमा हेर्दा क्याम्पसले शिक्षा शास्त्र संकाय अन्तरगत अंग्रेजी, नेपाली गणित, स्वास्थ्य शिक्षा विषयमा कार्यक्रम अगाडि वढाएको छ।

समग्रमा हेर्दा यस क्याम्पसमा रहेको विद्यार्थी संख्या सन्तोषजनक देखिदैन्। साधारण शिक्षा तर्फको चासो कम हुंदै गएकोले स्थानीय सरोकारवाला र अभिभावक तथा विद्यार्थीहरुको प्राविधिक धारतर्फ ध्यान आकर्षित भएको सजिलै वुझ्न सकिन्छ। जुन यस क्याम्पसले अहिले सम्म प्रदान गर्न सकेको छैन्।

प्राध्यापक तथा कर्मचारीहरुको विवरण

१.	क्याम्पस प्रमुख	मोती सिंह मंगोला	M.Ed.	पाठ्यक्रम तथा मूल्याङ्कन
२.	सहायक प्राध्यापक	चन्द्र मोहन कलौनी	M.Ed.	अंग्रेजी
३.	सहायक प्राध्यापक	प्रकाश भट्ट	M.Ed.	अंग्रेजी
४.	सहायक प्राध्यापक	राजेन्द्र भट्ट	M.A.B.Ed.	अंग्रेजी
५.	सहायक प्राध्यापक	निर्मला न्यौपाने	M.Ed.	नेपाली
६.	सहायक प्राध्यापक	षष्ठी वल्लभ तिवारी	M.Ed.	नेपाली
७.	सहायक प्राध्यापक	राम प्रसाद भट्ट	M.Ed.	नेपाली
८.	सहायक प्राध्यापक	वासुदेव भट्ट	M.Ed.	नेपाली
९.	सहायक प्राध्यापक	नरी दत्त भट्ट	M.Ed.	स्वास्थ्य तथा जनसंख्या
१०.	सहायक प्राध्यापक	शिव राज कलौनी	M.Ed.	
११.	सहायक प्राध्यापक	कर्ण वहादुर कुँवर	M.Sc./B.Ed.	
१२.	सहायक प्राध्यापक	राज व. चन्द	M.Ed.	
१३.	प्राविधिक	केशव राम लोहार	I.Com./IT	
१४.	प्रविधिक	सुरेद्र साउद	B.Ed. CSIT	
१५.	लेखापाल	नरी दत्त भट्ट	I.Ed.	
१६.	कर्मचारी	जगत सिंह जोशी	I.Ed.	
१७.	कार्यालय सहयोगी	हरी दत्त तिवारी	I.Ed.	

क्याम्पस प्रमुख

Scanned with OKEN Scanner

यस क्याम्पसको सञ्चालन पक्षको विश्लेषण गर्दा सञ्चालक समिति, विद्यार्थी, अभिभावक र सह प्राध्यापक तथा कर्मचारिहरुबिच सुमधुर सम्बन्ध देखिन्छ । तर पनि केहि शैक्षिक सामग्री र अन्य व्यवस्थापनको अभावले सञ्चालन पक्षमा विविध कारणले गर्दा केहि कठिनाईहरु आइपरेको देखिन्छ । पूर्ण आर्थिक भार आफैले व्यहोर्नु पर्ने भएकोले समयमै प्राध्यापक तथा कर्मचारिहरुको त.भ. उपलब्ध गराउन नसकिएको तर पनि यस्तो अवस्थामा केहि हद सम्म भएपनि आर्थिक सहयोग जुटाई यस क्याम्पसलाई ठूलो सहयोग गरेकोमा विशेषतः UGC नेपाल, पञ्चेश्वर गाउँपालिका र सामाजिक विकास कार्यालय बैतडी एवं यस क्याम्पसलाई सहयोग गर्नु हुने सम्पूर्ण संघ संस्था प्रति हार्दिक आभार प्रकट गर्दछौं साथै नियमित सहयोगको लागि समेत अपेक्षा गर्दछौं ।

२- शैक्षिक प्रगति विवरण

यस क्याम्पसले त्रि.वि.बाट मान्यता प्राप्त गरी स्नातक तहमा शिक्षाशास्त्र (वि.एड) कार्यक्रम संचालन गर्दै आइरहेको छ। जसमध्ये अंग्रेजी, गणित, नेपाली र स्वास्थ्य विषय रहेका छन्। विभिन्न माध्यम तथा तरिकाले यस क्याम्पसको आफ्नो प्रयासले भ्याएसम्म गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको छ। वर्तमान विद्यार्थी भर्नाको अवस्थालाई हेर्ने हो भने त्यति सन्तोकजनक देखिदैन तैपनि भौगोलिक विकटता र गरिबीका वावजुत पनि अहिलेको यो अवस्था देखिनु संभवत स्वीकार्य नै छ। सतही रुपमा हेर्ने हो भने छात्रको तुलनामा छात्राहरुको भर्ना दर वढी नै देखिएको छ।

विद्यार्थी भर्ना विवरण :–

वर्ष	२०८१/०८२			२०८०/०८१					२०७९/०८०			
	दलित	म	अन्य	जम्मा	द	म	अन्य	जम्मा	द	म	अन्य	जम्मा
प्रथम	१७	५९	२८	१०४	९	३४	१३	५६	९	७१	१७	९७
द्वितीय	९	७१	९७	९७	९	७१	१७	९७	६	३२	१२	५०
तृतीय	६	३२	१२	५०	६	३२	१२	५०	४	१९	११	३४
चौथो	४	१९	११	३४	४	१९	११	३४	१०	२५	७	४१

समग्रमा माथिका विवरण हेर्दा शिक्षाशास्त्र संकायतर्फ विद्यार्थीहरुको रुची तथा लगाव घट्दै गइरहेको देखिन्छ। भर्ना भएका विद्यार्थी पनि विचमै छोडेर उच्च शिक्षा अध्ययनका लागि प्राविधिक विषयतर्फ रुचि देखाएको अवस्था छ। यसैलाई मध्यनजर गदै भावी दिनहरुमा यस क्याम्पसले प्राविधिक विषय वा अन्य संकाय थप गरि यस क्षेत्रका गरिब जनताहरुलाई सेवा दिने योजना अगाडि सारेको छ।

क्याम्पस प्रमुख

Scanned with OKEN Scanner

विद्यार्थी उतीर्ण दर

२०७८ मा उतीर्ण				२०७९ मा उतीर्ण				२०८० मा उतीण			
द	म	अन्य	जम्मा	द	म	अन्य	जम्मा	द	म	अन्य	जम्मा
३	२	४	९	५	७	६	१८	४	१३	३	२०

जम्मा उतीर्ण भएर गएका (Pass out) विद्यार्थी विवरण

महिला	दलित	अन्य	जम्मा
३५	१४	७	५६

सञ्चालित कार्यक्रम :

यस क्याम्पसले शैक्षिक कार्यक्रम अन्तर्गत स्नातक तह शिक्षा शास्त्र संकायमा निम्न विषयहरुमा पठनपाठन गर्दै आइरहेको छ।

अंग्रेजी शिक्षा

नेपाली शिक्षा

गणित शिक्षा

स्वास्थ्य शिक्षा

पठनपाठनको कार्ययोजना विहानी सिफ्टमा ७:३० वजेदेखि १२: ०० सम्म संञ्चालन हुदै आइरहेको छ । साथै अन्य कार्यक्रमहरु त्रि.बि.बि ले प्रस्तुत गरेको कार्ययोजना अनुसार हुदै आइरहेको छ ।

३.भौतिक प्रगति विवरण

भौतिक सुविधाको उपलब्धता एउटा अपेक्षित उद्देश्य प्राप्त गर्ने महत्वपूर्ण पक्ष हो । सुविधा सम्पन्न भौतिक वातावरणले शैक्षिक उदेश्य प्राप्तीमा सहयोग पुऱ्याउछ । यस नवप्रभात क्याम्पसले पनि विभिन्न क्षेत्र तथा संस्थाहरुवाट सहयोग पाउदै आइरहेको छ । स्थानीय सरकार, प्रदेश सरकार र विश्व विद्यालय अनुदान आयोग भौतिक विकासमा सहयोग पुऱ्याउने मुख्य श्रोत बनेका कुरामा सर्वस्वीकार्य रहि आएको छ ।

भौतिक विवरण

अपेक्षित शैक्षिक उद्देश्यले पुरा गर्ने भौतिक व्यवस्थापन पनि एउटा आधारभूत आवश्यकता भित्र पर्दछ। एउटा सुविधा सम्पन्न भौतिक पक्षले गुणस्तरीय शिक्षा प्राप्तीमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ। नवप्रभात संयुक्त क्याम्पसले विशेषत:विश्वविद्यालय अनुदान आयोग, पञ्चेश्वर गा.पा.तथा प्रदेश को सहयोगवाट भौतिक व्यवस्थापन गर्दै आइरहेको छ।

यस क्याम्पसको शुरुवातमा कुलाउ मा.वि. को एउटा भवन (४ कोठे) मा आफ्ना कक्षाहरु संञ्चालित गरेको थियो , भने पछि आएर सबै सहयोगी हातहरुको समर्थन तथा लगावमा

क्याम्पस प्रमुख

Scanned with OKEN Scanner

आफ्नै जमिनमा कक्षाकोठा तथा भवनहरु निर्माण गरी शैक्षिक तथा प्रशासनिक कार्य गर्दै आइरहेको छ । यस क्याम्पसमा भएको भौतिक विवरण यस प्रकार रहेको छ ।

- जग्गा : २ रोपनी ११ आना तथा अगामी वर्षमा चार आना थप्ने कार्यक्रम रहेको
- भवन : ४ ओटा (१० कोठा)
- दराज : ५ ओटा
- कुर्सी : काठको २०० र प्लाष्टिकको ५० गरी जम्मा २५० ओटा
- टेवल : ५ ओटा
- फर्निचर : ६० सेट
- खेल मैदान
- पुस्तकालय : १
- अफिसियल कोठा : २
- शौचालय : ३ ओटा (छात्र/छात्रा/स्टाफ)
- चमेना गृह : १ ओटा
- डस्टवीन : १० ओटाउ
- ह्वाइट बोर्ड : ६ ओटा

यस क्याम्पसको भौतिक पक्षलाई अध्ययन गर्दा सन्तोषजनक देखिएपनि पर्याप्त भने छैन । केही कक्षाकोठा अझै अपुग भएको र पुस्तकालयमा सन्दर्भ सामग्रीको अभावको साथै क्याम्पस परिसरमा स्थायी पर्खाल लगाउन जरुरी देखिन्छ ।

- मुख्य भवन – २ दुई ८ कोठा
- पुस्तकालय – १
- शौचालय - ४
- अन्य भवन -२ ८- कोठा
- कम्प्युटर कक्ष -१

५- शैक्षिक सामग्री

शैक्षिक सामाग्री गुणस्तरीय शिक्षा आर्जन गर्न आधारभूत पक्ष बन्दै आइरहेको छ । ICT मा आधाररित शिक्षण विधिको आवश्यकता दिन प्रतिदिन बिढ्दै गइरहेको छ । यस क्याम्पसको शैक्षिक अध्यापनको पक्षलाई विश्लेषण गर्दा कक्षा सञ्चालन त्रिभुवन विश्वविद्यालयको शैक्षिक कार्यतालिका अनुसार रहेको छ । क्याम्पसमा अध्यापनका कक्षाहरू विहानीपख नै सञ्चालनमा आइरहेका छन् । क्याम्पसको आर्थिक अवस्था कमजोर भएको कारणले धेरैजसो प्राध्यापकहरू अस्थायी र आंशिक राख्नुपर्ने वाध्यता रहेको छ । यतायातको

क्याम्पस प्रमुख

Scanned with OKEN Scanner

राम्रो व्यवस्था नभएकोले विद्यार्थीहरू टाढा टाढाबाट हिडेर आउनुपर्ने भएकाले विहानी शुरुका केही कक्षाहरू सञ्चालन गर्न असजिलो रहेको देखिन्छ। क्याम्पसमा भर्ना भएका विद्यार्थीहरू मध्ये छात्रको तुलनामा छात्राहरूको संख्या अत्यधिक रहेको तर छात्राहरूको लागि उचित छात्रावासको व्यवस्था नभएकोले शैक्षिक व्यवस्थापन कार्यलाई प्रभावकारी ढंगले सञ्चालन गर्न बाधा परेको देखिन्छ।

शैक्षिक सामाग्रीहरु

कम्प्यूटर	२
प्रोजेक्टर	१
फोटोकपी मशिन	१
चार्टहरु	
पाठ्यपुस्तक	६००
सन्दर्भसामाग्री	३००
वार्षिक पत्रिका	२

६- आर्थिक प्रगति विवरण

नवप्रभात संयुक्त क्याम्पस समुदायद्धारा सञ्चालित क्याम्पस भएकोले मुख्यतया यसले आफ्नो आन्तरिक श्रोतवाट नै धेरै आर्थिक भार वेहोर्नु परेको छ। यस क्याम्पसको आर्थिक अवस्था विश्लेषण गर्दा अति नै नाजुक देखिन्छ। आफ्नो स्थायी आर्थिक स्रोत नभएकोले विद्यार्थी शुल्क, सरकारी स्रोत, विश्वविद्यालय अनुदान आयोग, स्थानीय सरकार, चन्दा दाता तथा अन्य संघ संस्थाको आर्थिक सहयोगबाट यस क्याम्पसले आर्थिक व्ययभार खेप्दै आइरहेको छ। यस क्षेत्रका वासिन्दाहरू अति विपन्न, गरिव तथा निम्न स्तरका भएकाले विद्यार्थीहरू समयमा नै शुल्क बुझाउन नसक्नु पनि यस क्याम्पसको आर्थिक अवस्था झन नाजुक रहेको पाइन्छ। संक्षिप्त रुपमा यस क्याम्पसको आय विवरण तल प्रस्तुत गरिएको छ।

क्याम्पस प्रमुख

Scanned with OKEN Scanner

आय विवरण

विवरण	आ.ब.२०७८/७९	आ.ब.२०७९/८०	आ.ब.२०८०/०८१
विद्यार्थी शुल्क	३,५४,०००।-	३,१४,५००।-	२,६६,०००।-
बैंक व्याज	६२,२२७।९३	४८,७७२।०७	५६,९७८।३४
अनुदान गा.पा.	१०,००००० ।-	१०,००,००० ।-	१०,००,०००।-
अन्य	२५,०००।-	५,००,०००।-	-
भवन धरौटी फिर्ता			१,५०,०००।-
गत अल्या रा.बा. बैंक मौज्दात	१०,०२,३१९।४७	१४,१७,११९।४७	१६,४८,७१९। ४७
गत अल्या नविल बैंक मौज्दात	१९,३९,६२०।-	४,९७,१५०।-	९,७७,६९०।-
गत अल्या ग्लोवल बैंक मौज्दात		६२,२२७।९३	१,११,०३३।२९
भौतिक विकास	३,९५,५००।-		
UGC नियमित अनुदान	१०,०१,३०० ।४७	११,२१,६०० ।-	१२,४२,२००।-
अक्षयकोष मदती खाता	६,५०,०००।	६,५०,०००।	६,५०,०००।
जम्मा	६४,२९,६७।४०	५६,११,३६९।४७	६१,०२,६१८।१०

व्यय विवरण

यस क्याम्पसको आर्थिक अवस्था नाजुक रहेतापनि वर्तमान समय सान्दर्भिक रहेर अगाडि बढ्नुको विकल्प देखिदैन । यस क्षेत्रका वासिन्दाहरू रुढिवादि र परम्परागत सोचवाट प्रेरित भएकाले शैक्षिक क्षेत्रतर्फ अभिभावकहरूको चासो घट्दै गइरहेको छ । जसको मुख्य कारण आर्थिक अवस्था कमजोर हुनु पनि एक हो । यसका बावजुद पनि क्याम्पसको व्यय भार भने दिनप्रतिदिन बढ्दै गइरहेको छ । भवन, फर्निचर, खानेपानी लगायत अन्य पक्षको निर्माण तथा मर्मतमा यस क्याम्पसले निकै ठूलो आर्थिक व्यय व्यहोर्नु परेको छ । यस्तो अवस्थामा यस क्याम्पसको भौतिक विकासमा ठूलो सहयोग गरेकोले विश्वविद्यालय अनुदान आयोग नेपाललाई मुख्य श्रोतको रुपमा लिइदै आइरहेको छ । यस सहयोगको लागि UGC Nepal लाई क्याम्पस परिवार विशेष धन्यवाद दिन चाहन्छ । संक्षिप्तमा यस क्याम्पसको व्यय भार तल प्रस्तुत गरिएको छ ।

क्याम्पस प्रमुख

Scanned with OKEN Scanner

व्यय विवरण

विवरण	आ.व.२०७८/७९	आ.व.२०७९/८०	आ.व.२०८०/०८१
प्राध्यापक र कर्मचारीको तलब भत्ता	६,१४,१००।-	१४,५०,८००।-	११,८८,०००।-
परीक्षा सञ्चालन चारै वर्षको	१,४८,३७३।-	१,३६,७७० ।-	१,४२,७५०।-
भौतिक निर्माण	२१,२७,३४०।३५	२,६२,७९८।७१	
परीक्षा भौचर, सेवा शुल्क, रजिष्ट्रेशन	२,०२,३७०।-	१,३४,८४०।-	१,३६,८६०।-
प्रयोगात्मक र अभ्यास शिक्षण	२३,०००।-	२५,०००।-	४०,०००।-
उपकरण खरिद CCTV	१,२७,२०८।-		३४,७४५।-
फिल्ड सम्याउन दिवाल चिनाई			१,२९,२००।-
पब्लिक क्याम्पस नविकरण एवं क्याम्पस नवीकरण		१,२५,५००।-	२८,५००।-
मसलन्द स्टेशनरी	१,०१,२२४।-	५०,७४१।२९	३१४९१।-८३
उत्तरपुस्तिका ढुवानी/पुस्तक खरिद	२,५७,९५१।-		२०,०००।-
ड्याटिङ प्याटिङ, फर्निचर काठ चिराई	१,३०,१०३।-६५		
अन्य (वैठक,)	१२,०००।-	९०००।	१०,८००।-
वालुवा ढुवानी गत विगतको तिर्न बाँकी			१,६०,०००।-
लेखापरीक्षण	२६,७७०।-	२८,५१०।-	२३,०००।-
क्याम्पसको कामकाज गर्न आ.जा.(UGC अत्तरिया)	३३,०३०।-		९८,०००।-
मर्मत संभार			
जम्मा	३८,०३,४७०	२२,२३,९६०।-	२०,४३,३४६।८३

क्याम्पस प्रमुख

७. लेखा परीक्षण

यस क्याम्पसको लेखा परीक्षण मान्यता प्राप्त लेखापरीक्षकबाट प्रत्येक वर्ष गरिदै आइरहेको छ । उक्त लेखा परीक्षक बाट आएका गुनासा तथा टिप्पणी हरुलाई न्यूनिकरण वा समाधान गर्न यस क्याम्पसले निम्न प्रयास गरेको पाइन्छ ।

१. खर्च भएरजाने सामानको खाता तथा भौतिक सम्पत्तिको अध्यावधिक विवरण राखिएको ।

२. क्याम्पसको सम्पत्तिको रेकर्ड राखी वार्षिक ह्रासकट्टीको अभिलेख राखिएको ।

३. लेखापरीक्षण प्रतिवेदन सञ्चालक समितिवाट अनुमोदन गर्दा त्यसमा देखिएका कैफियतहरूको रेकर्ड राखि निराकरण तथा न्यूनिकरण गर्ने प्रयासहरू भएको ।

४. वार्षिक प्रतिवेदनमा देखिएका कमी कमजोरीहरूलाई मध्यनजर गरी ती समस्याहरूलाई न्यूनिकरण गर्ने प्रयासहरू भएको ।

५. आय व्याय खाता राख्ने निती अपनाएको ।

८. सामाजिक प्रगति विवरण

सामाजिक कार्यमा क्याम्पसको योगदान र भावी योजना

बैतडी जिल्लाको सदरमुकामबाट भण्डै ५० कि.मी. दक्षिण पश्चिमको दुरिमा रहेको पंचेश्वर गाउपालिका वडा नं. ३, कुलाउमा अवस्थित यस नवप्रभात संयुक्त क्याम्पस, बैतडीले यस भेगका पिछडिएका जातजाती, भाषाभाषी, लिङ्गका वासिन्दाहरूलाई उच्च शिक्षा दिने पवित्र उद्देश्यका साथ अगाडी बढिरहेको व्यहोरा सर्वविदितै छ ।

यस क्रममा यस क्याम्पसले १२ ओटा वसन्त पार गरी १३ औं वर्षमा पाइला टेकेको छ । यो क्याम्पस ६ ओटा वडा (साविकका गा.वि.स.) हरू क्रमशः महाकाली, पञ्चेश्वर, आमचौरा, रोडिदेवल, गिरेगडा र कुलाउ को केन्द्रविन्दुमा रहिआएको छ । साथै यस क्याम्पसको सेरोफेरोमा शिवनाथ, उदयदेव र शर्मालीका वडाहरू पनि रहेका छन् ।

यस क्याम्पसले कुलाउ माध्यमिक विद्यालय, कुलाउ, जबलपुर मा.वि. आमचौरा, विजयपुर मा.वि. रोडिदेवल, नागार्जुन मा.वि. शर्माली तथा डुग्रिखान मा.वि. पञ्चेश्वर, देवथला मा.वि. महाकाली, सोमेश्वर मा.वि. कुलाउलाई विद्यार्थी श्रोतका लागि आधार मानेको छ । यो क्षेत्र राजनीतिक, सामाजिक, आर्थिक र शैक्षिक हिसाबले निकै पछाडी रहेको अनुभूति हुन्छ । यहाँका जनताहरूको उच्च शिक्षामा न्यून पहुँच रहेको छ ।

यस क्षेत्रमा व्याप्त गरिबी र बेरोजगारीका कारण यहाँका युवाहरू विदेश खासगरी भारत तिर पलायन हुने क्रम जारी छ । गास, बास, कपास, स्वास्थ्य, शिक्षा

Scanned with OKEN Scanner

र अन्य आधारभुत आवस्यकता पुर्ति गर्नका लागि भारतमा निर्भर रहेका छन् । यातायात, सञ्चार, विद्युत, स्वास्थ्य जस्ता आधारभूत विकास निर्माणका कार्यहरू हुन सकिरहेका छैनन् । राज्यले यो क्षेत्रलाई उपेक्षा गरेको महशुस हुन्छ । यसका बावजुद यस क्याम्पसले यस क्षेत्रमा रहेका उच्च शिक्षाको घामबाट वञ्चित गरिब, दलित, महिला तथा अन्य पिछडिएका जातजातीहरूलाई थोरै भएपनि उच्च शिक्षाको ज्योतीले प्रज्वलित गर्न खोजेको छ ।

शैक्षिक उद्देश्यको पूर्णतः प्राप्तीको लागि क्याम्पस र समुदाय बीच अन्तर क्रिया तथा अन्तर सम्वन्ध हुन जरुरी छ । समुदायिक क्याम्पस भएकोले क्याम्पस समुदायका लागि र समुदाय क्याम्पसका लागि भन्ने मुल मर्मका साथ विद्यार्थी, अभिभावक र संस्थाको त्रिपक्षिय सम्वन्ध अगाडी बढ्न जरुरी देखिन्छ । तसर्थ शैक्षिक उद्देश्य समाजमा आधारित हुन्छन् र क्याम्पस समाजबाट टाढा रहन सक्दैन्न् ।

क्याम्पसले आफ्नो सहभागिता समुदायमा फैलाउदै गइरहेको छ । कोष संकलन, स्वास्थ्य सचेतना कार्यक्रम जस्ता कार्यक्रमहरु संचालित गरी समुदायसित प्रत्यक्ष रुपमा अन्तरसम्बन्ध बढी रहेको छ । क्याम्पसका उत्कृष्ट विद्यार्थी एवं क्याम्पसलाई आर्थिक तथा भौतिक सहयोग गर्ने उत्कृष्ट अभिभावक तथा समाज सेवीलाइ पुरस्कृत तथा सम्मान गर्ने व्यवस्था रहदै आएको छ ।

क्याम्पसका लागि समुदायको योगदान

यस क्षेत्रका वासिन्दा परम्परागत रुढिवादी संस्कारबाट प्रेरित भए पनि यस क्याम्पसको स्थापना कालदेखि नै विभिन्न पक्षमा सहयोग गर्दै आइरहेका छन् । यस क्षेत्रमा रहेको एउटा मात्रै उच्च शिक्षा प्रदान गर्ने क्याम्पस रहेकोले आफ्ना छोराछोरीहरूलाई घर आगनमैं सर्वसुलभरुपमा अध्ययन गराउन पाउँदा अभिभावकहरूमा उत्सुकता रहेको देखिन्छ । क्याम्पस सञ्चालनको क्रममा आएका कठिनाई तथा अवरोधहरू समाधान तथा न्यूनिकरण गर्न समय-समयमा रचनात्मक सल्लाह तथा सुझाव यस क्याम्पसले पाउँदै गरेको छ । विभिन्न संघ संस्थाहरू तथा स्थानीय वासिन्दाहरूबाट क्याम्पसको अस्थायी घेरपर्खाल, बाटो मर्मत तथा निर्माणमा निकै आर्थिक सहयोग पाइएको छ । भविष्यमा पनि यस क्याम्पसले विगतझैं विभिन्न सहयोगदाताहरूबाट रचनात्मक सल्लाह सुझाव तथा सहयोगको पूर्ण आशा गर्दछ ।

क्याम्पस परिसर तथा बाढी पहिरोको जोखिम भएको स्थानमा वृक्षारोपण गरी विश्व वातावरण दिवस मनाउने साथै महिला हिसां विरुद्ध कार्यक्रम, बालबालिकाको अधिकार सुरक्षीत लगायातका कार्यहरुमा क्याम्पस प्रत्यक्ष रुपमा सहभागी हुदै आइरको छ । प्राकृतिक प्रकोप बाट पिडितलाई सहयोग तथा स्थानीय सित सहकार्य , शिक्षक

Scanned with OKEN Scanner

अभिभावक तथा विद्यार्थी. अन्तरक्रियामा क्याम्पसले आफ्ना निति तथा प्रयासहरु गरे तापनि यसको कार्यान्वनमा केहि समस्याहरु यथावत रुपमा आइरहेका छन् । जस्तै

- शिक्षण तालिमको अभाव
- विद्यार्थीहरुको आन्तरिक मूल्याङ्कन प्रभावकारीमा कमी
- जमिनको अभाव
- राजनैतिक प्रभाव आदि

यस क्याम्पसका सबल पक्षहरू

१. गरिव, दलित, महिला तथा अन्य पिछडिएका वर्गहरूका लागि उच्च शिक्षाको सर्वसुलभता उपलब्ध गराएको ।

२. आफ्नै घर आँगनमा उच्च शिक्षावाट वञ्चित भएकाहरूका लागि स्नातक सम्मको शिक्षाको व्यवस्था ।

३. यस क्याम्पसका नाममा दर्ता भएको २ रोपनि ११ जमीन दर्ता गरि जग्गाधनी प्रमाणपुर्जा समेत वनाइसकेको ।

४. विगत १० वर्ष देखि यस क्याम्पसलाई सामुदायीक क्याम्पसमा दर्ता गरी (UGC) वाट नियमित अनुदान पाउन शुरु गरिसकेको ।

५. यस क्याम्पसवाट विभिन्न चरणमा गरी बी.एड. परीक्षामा ५६ जना विद्यार्थीहरू पासआउट समेत भैसकेका छन् ।

६. गरीव तथा जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ती उपल्वध गराइएको ।

७. UGC लगायत अन्य संस्थावाट आर्थिक सहयोग जुटाई १२ कक्षा कोठा निर्माण भइसकेका र ४ कोठे छात्रावास समेत निर्माण भईसकेको ।

८. शुद्ध पिउनेपानीको व्यवस्था भएको ।

९ . फर्निचर, cctv पुस्तककालय आदि व्यवस्थापन रहेको ।

१०. योग्य दक्ष तथा उर्जाशील जनशक्ति भएकाले यसको भरपुर प्रयोग गरी क्याम्पसको चौतर्फी विकास गर्न सकिने सम्भावना रहेको ।

११. वार्षिक कार्यतालिका अनुसार क्याम्पसका गतिविधिहरु संचालन तथा वार्षिक कार्ययोजना अनुसार पठपाठन अनुसार हुने गरेको ।

१२. क्याम्पसका शैक्षिक गुणस्तर विकासका लागि विभिन्न विभाग, एकाई, समिति गठन र कार्यान्वयमा ल्याइएको ।

कमजोर पक्षहरु

१. विद्यार्थीको कक्षा छाड्ने दर समयानुकुल कम गर्न नसकेको ।

२. विद्यार्थी संख्यामा अपेक्षित वृद्धि हासिल गर्न नसकेको ।

३. क्याम्पसका लागि दिगो आर्थिक स्रोतको व्यवस्थापन गर्न नसकेको ।

४. वर्तमान आवश्यकता अनुरुपका व्यावसायिक तथा प्राविधिक विषयहरु थप गर्न नसकेको

क्याम्पस प्रमुख

Scanned with OKEN Scanner

५. गठित समिति तथा विभागलाई आवश्यकता अनुरुप सक्रिय बनाउनु नसकेको ।
६. अनुसान्धान मूलक कार्य कम मात्रामा रहेको
७. क्यामपसको निर्धारित लक्ष्य अनुरुप नतिजा निकाल्न नसकेको

९. चुनौतीहरू

२०६९ सालबाट निरन्तर सञ्चालित यस क्याम्पसमा विभिन्न अवसर र चुनौतीहरुका बीच समाधानका उपायहरु अपलम्वन गरिदै आइरहेको छ । परिवर्तत समय र परिस्थीत अनुसार नयाँ चुनौतीहरु सिर्जना हुदै जानु र समाधानका उपाय अवलम्वन गर्दै जानु सोभाविक र आवश्यकता हो । यस क्याम्पसका चुनौतीहरु निम्न प्रकार रहेका छन् ।

क्याम्पसका अल्पकालीन चुनौतीहरू

१. कक्षा छाड्ने र नियमितता नहुने प्रवृत्ति रहेको ।
२. कमजोर आर्थिक अवस्था ।
३. क्याम्पसको गतिविधि प्रति अभिभावकहरूको चासो नहुन ।
४. निजि श्रोतवाट प्राध्यापक तथा कर्मचारिहरूको पारिश्रमिक भुक्तानी गर्नुपर्दा समास्या रहेको ।
५. यथेस्ट भौतिक सम्पन्नता अभाव ।
६. स्थायी घेरपर्खाल नभएको ।
७. सूचना तथा प्रविधिका सामग्रीको अभाव।
८. कमजोर विद्यार्थी पहिचान गरी अतिरिक्त कक्षा, प्रार्मश सेवा आदिको अभाव साथै आन्तरिक परीक्षामा विद्यार्थी सहभागी गराउन नसकेको ।
९. विद्यार्थीहरुको सहजताको लागि लाइवेरीको व्यवस्थापन गर्न नसकेको ।

दीर्घकालीन चुनौतीहरू

१. नियमित रुपमा प्राप्त हुने आर्थिक स्रोतहरुको खोजी आवश्यकता रहेको ।
२. आर्थिक संकटका कारण प्राध्यापक तथा कर्मचारीहरुलाई पूर्णकालीन स्थायी गर्ने प्रक्रियालाई आवश्यकता अनुसार अगी बढाउन नसकेको ।
३. विद्यार्थीको नतिजामा अपेच्छाकृत सुधार गर्न नसकेको
४. अनुसान्धान कार्यलाई प्रभावकारी बनाउन नसकेको ।
५. क्याम्पसको वातावरणलाई सुरक्षित, पठनपाठनलाई व्यवस्थित गर्न क्याम्पस एरिया कम्पाउड गर्न नसकेको ।

क्याम्पस प्रमुख

Scanned with OKEN Scanner

६. क्याम्पसलाई आवश्यक पर्ने प्रयाप्त जग्गा व्यवस्थापन गर्नु नसक्नु ।

७. उच्च शिक्षा जीवनोपयोगी व्यहारिक एवं रोजगार मुलक वन्न नसक्नु ।

८. उच्च शिक्षा हासिल गरेका मानव स्रोतले सहज रुपमा रोजगारी प्राप्त गर्न नसक्नु ।

चुनौति न्यूनिकरणका लागि गरिएका प्रयासहरु

१.समुदायको सक्रियतामा जोड ।

२.शिक्षक तथा कर्मचारीको लागि तालिमको व्यवस्था ।

३.आर्थिक सहयोगको लीगि स्थानीय तह तथा अन्य संघसंस्थाहरुलाई अनुरोध ।

४. आफ्नै क्याम्पसमा परीक्षा केन्द्र संचालन भएको ।

५. सुचना तथा प्रविधी समाग्रीमा जोड ।

६. पठनपाठनमा कमजोर विद्यार्थीको लागि आवश्यकता अनुसार परामर्श सेवा र अतिरिक्त कक्षाको व्यवस्था ।

क्याम्पस प्रमुख

Scanned with OKEN Scanner

. आर्थिक वर्षको आय व्यय विवरण :

आर्थिक वर्ष २०८०/०८१ आय व्यय विवरण तपसिल अनुसार रहेएको छ ।

क.स.	आय विवरण	रकम	क.स.	व्यय विवरण	रकम
१	विद्यार्थी शुल्क	२,६६,०००।-	१	प्राध्यापक र कर्मचारीको तलव भत्ता	११,८८,०००।-
२	बैंक व्याज	५६,९७६। ६४	२	परीक्षा सञ्चालन चारै बर्षको	१,४२,७५०।-
३	अनुदान गा.पा.	१०,००,०००।-	३	भौतिक निर्माण	
४	अन्य	-	४	परीक्षा भौचर, सेवा शुल्क, रजिष्ट्रेशन	१,३६,८६०।-
५	भवन धरौटी फिर्ता	१,५०,०००।-	५	प्रयोगात्मक र अभ्यास शिक्षण	४०,०००।-
६	गत अल्या रा.बा. बैंक मौज्दात	१६,४८,७१९। ४७	६	उपकरण खरिद CCTV	३४,७४५।-
७	गत अल्या नविल बैंक मौज्दात	९,७७,६९०।-	७	फिल्ड सम्याउन दिवाल चिनाई	१,२९,२००।-
८	गत अल्या ग्लोवल बैंक मौज्दात	१,११,०३२।२९	८	पब्लिक क्याम्पस नविकरण एवं क्याम्पस नवीकरण	२८,५००।-
९	भौतिक विकास		९	मसलन्द स्टेशनरी	३१४९१।८३
१०	UGC नियमित अनुदान	१२,४२,२००।-	१०	उत्तरपुस्तिका ढुवानी/पुस्तक खरिद	२०,०००।-
११	अक्षयकोष मुद्धती खाता	६,५०,०००।	११	ड्याटिङ प्याटिङ, फर्निचर काठ चिराई	
			१२	अन्य (बैठक,)	१०,८००।-
			१३	बालुवा ढुवानी गत विगतको तिर्न बाँकी	१,६०,०००।-
			१४	लेखापरीक्षण	२३,०००।-
			१५	क्याम्पसको कामकाज गर्न आ.जा.(UGC अत्तरिया)	९८,०००।-
			१६	मर्मत संभार	
				जम्मा खर्च	२०,४३,३४६।८३
				रा.बा. बैंक मौज्दात	२२,९०,९१९।४७
				नविल बैंक मौज्दात	९,५८,०९०।-
				ग्लोवल बैंक मौज्दात	१,६०,२६१।८०
				अक्षयकोष मुद्धती खाता	६,५०,०००।-
	जम्मा	६१,०२,६१८।१०		कुल जम्मा रकम	६१,०२,६१८।१०

क्याम्पस प्रमुख

(ख) आर्थिक वर्ष २०८१/०८२ अनुमानित आय.व्यय.विवरण

क्र.स.	आय विवरण	रकम	क्र. स.	व्यय विवरण	रकम
१	विद्यार्थी शुल्क	४,००,०००।-	१	प्राध्यापक र कर्मचारीको तलव भत्ता	२५,००,०००।-
२	मुद्दति बैंक व्याज	७५०००।-	२	क्याम्पस विद्युतिकरण	५,००,०००।-
३	गा.पा. अनुदान	१०,००,०००।-	३	४ वर्षको नियमित/आंशिक परीक्षा संचालन	२,५०,०००।-
४	गत अल्या	३४,०९,२७०।-	४	सबै वर्षको I,II,III,IV परीक्षा भौचर सेवाशुल्क, रजिष्ट्रेशन	१,७४,२७०
५	UGC भौतिक विकास	७५,००,०००।-	५	प्रयोगात्मक अभ्यास शिक्षण	५०,०००।-
६	अक्ष्यकोष (मुद्धति)	६,५०,०००।-	६	भवन निर्माण	७५,००,०००।-
७	UGC बाट नियमित अनुदान	१३,००,०००।-	७	जमिन खरिद	७,००,०००।-
			८	कम्प्युटर प्रिन्टर,फोटोकपी मसिन Wifi	२,१०,०००।-
			९	मसलन्द स्टेशनरी डेन्टीङ पेन्टीङ, मर्मत	२,५०,०००।-
			१०	क्याम्पसको कामको लागि आ.ज. UGC,KTM, अत्तरिया	१,५०,०००।-
			११	भवनको लागि फिल्ड कटिङ	१३,००,०००।-
			१२	साधारण सभा, संचालक समिति आदि बैठक खर्च	५०,०००।-
			१३	लेखापरीक्षण	५०,०००।-
			१४	अक्षयकोष	६,५०,०००।-
	अनुमानित कुल आय	१,४३,३४,२७०।-		अनुमानित कुल व्यय	१,४३,३४,२७०।-

क्याम्पस प्रमुख

Scanned with OKEN Scanner

११.बार्षिक कार्ययोजना

यस क्याम्पसले सम्पूर्ण कार्यक्रमहरु त्रि.वि.वि. को कार्यालयले प्रस्तुत गरेको बार्षिक कार्ययोजना अनुसार आफ्ना कार्यक्रमहरु गर्दै आइरहेको छ । यस का साथै त्रि.वि.वि को कार्ययोजना बाहेक आफ्नो अनुकुलता अनुसार थुप्रै कार्यक्रमहरु कार्यान्वयन गर्दै आइरहेको छ । जस्तै अतिरिक्त क्रियाकलाप , शैक्षिक भ्रमण ,अभिभावक भेला तथा अन्तरक्रिया ,खेलकुद आदि ।

१२. क्याम्पसका भावी कार्यक्रमहरु

१. गुणस्तरीय विश्वसनीय प्रत्यायन (QAA) को प्रक्रियाको पहल गर्ने क्याम्पसको घेरबारलाई व्यवस्थित गर्दै बगैंचा एवं क्याम्पस परिसरमा सजावटका कार्यहरु गर्ने ।

२. पुस्तकालयमा थप पुस्तकहरु थप्ने साथै विद्युतीय पुस्तकालयको रुपमा विकास गर्ने ।

३. प्राध्यापक एवं विद्यार्थीहरुको सिकाईलाई प्रभावकारी वनाउनका लागि विषयगत कार्यशाला, गोष्ठीहरु र अनुसान्धान कार्यहरु गर्ने ।

४. क्याम्पसलाई आवश्यक थप भौतिक विस्तारका लागि स्थानीय, प्रदेश एवं संघीय सरकारका साथै विभिन्न दातृसंस्थाहरुसँग माग गर्ने ।

५. क्याम्पसको विकासको लागि समुदायसंग सुमधुर सम्वन्ध स्थापित गर्ने । विभिन्न सामाजिक दायित्वका कार्यक्रहरु गर्ने ।

६. शिक्षण सिकाईलाई व्यवस्थित वनाउन श्रव्य दृश्य सहित नयाँ प्रविधि कक्षाकोठालाई प्रविधि मैत्री वनाउने ।

७. अन्य पब्लिक क्याम्पसहरुसंग समन्वय गरी शिक्षाको गुणस्तरीयता कायम गर्न पहल गर्ने ।

क्याम्पस प्रमुख

Scanned with OKEN Scanner